# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सम्पर्क नं.
अध्यक्ष ज्यू- ९८५८०८५०२५
प्र.प्र.अ.- ९८५८०२०८११
सूचना अधिकारी-९८५८०२०७११

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४ (गाउँ कार्यपालिका) मिति: २०८३/०६/०६
चलानी नं.: ने.सं. : ११४६ जंलाथ्व एकादशी, मंगलबार

गाउँपालिका कार्यपालिका
भगवतीमाई गाउँपालिका कार्यपालिकाको कार्यालय
पगनाथ दैलेख
कर्णाली प्रदेश, नेपाल

**गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक गरिएको सूचना।**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०६।०५ को तेस्रो बैठकबाट भएका निर्णयहरु सम्बन्धित सरोकारवालाको जानकारीका प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

..........................
बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन गर्ने शाखा |
|---|---|---|
| १. | यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय रोजगार कार्यक्रम तर्फको बजेट मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना तथा कार्यक्रममा साझेदारी गरी कार्यान्वयन गर्ने । | रोजगार सेवा केन्द्र |
| २. | मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण प्रभावित क्षेत्र र नागरिकको राहत र सहयोगको लागि यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु. २,००,०००। र गाउँ कार्यपालिका सदस्य र कर्मचारीको दुई दिनको मासिक आधारभूत तलब बराबरको रकम प्रधानमन्त्री राहत कोष मार्फत सहयोग गर्ने । | आर्थिक प्रशासन शाखा |
| ३ | सामाजिक विकास कार्यालय दैलेखको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस भगवतीमाई गाउँपालिका वडा नं. २ स्थित जगनाथ प्रा.वि. परिसर घेरवार रु २०,००,०००। हुनुपर्नेमा अन्यथा भएकोमा संशोधनको लागि सिफारिस गर्ने । | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा |
| ४. | यस भगवतीमाई गाउँपालिका अन्तर्गत भगवतीमाई आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई मासिक रु. ५५,०००। प्रोत्साहन रकम उपलब्ध गराउने । | प्रशासन, योजना तथा अनुगमन शाखा |

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सम्पर्क नं.
अध्यक्ष ज्यू- ९८५८०८५०२१
प्र.प्र.अ.- ९८५८०२०८११
सूचना अधिकारी-९८५८०२०७११

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

(छाप: भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ दैलेख कर्णाली प्रदेश, नेपाल)

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन गर्ने शाखा |
|---|---|---|
| ५. | नेपाल सरकार र यस गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकामा कार्यरत सूचना प्रविधिलाई स्थानीय भत्ता वापत रु. ८,८०० र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सेवा इकाईमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहजकर्तालाई मासिक रु. ५,०००। महंगी भत्ता उपलब्ध गराउने । | प्रशासन योजना तथा अनुगमन शाखा |
| ६. | जिल्ला प्रहरी कार्यालय, दैलेखबाट मिति २०८३/०२/२५ गतेको १६:०० बजेको समयमा जिल्ला दैलेख, नारायण नगरपालिका वडा नं. ०८, सिमडा स्थित लु.प्र.०१-००१ ख ०७४६ नं. को ट्रक बैतडा बजारबाट पोखरा, कास्की तर्फ अवैध रूपमा ढुंगाहरु ओसारपसार भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी टोली खटिई गई उक्त ट्रकमा मापदण्ड विपरित स्टेट जस्तो देखिने ढुंगा ओसारपसार गरिरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिई<br><br>**तपशिलः**<br>१. स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका साधारण निर्माणमुखी खनिज पदार्थहरुको ढुङ्गा गिट्टी बालुवा माटो स्लेट आदि अनुमतिपत्र विना निकासी तथा बेचबिखन कार्यमा अनुमति नदिन र सिफारिस नगर्न गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई निर्देशन गर्ने ।<br>२. जफत गरिएको स्लेट ढुङ्गा सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्ने । | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा |
| ७. | यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यरत श्रेणीविहिन हेभी सवारी चालक, हलुका सवारी चालक र कार्यालय सहयोगीलाई २०८३ श्रावण १ देखि लागु हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने । | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ८. | यस भगवतीमाई गाउँपालिका वडा नं ४ अन्तर्गत श्रम रोजगार बैङ्क कार्यक्रमको लागि सान्तडा जिरो पोइन्ट देखि घुम्ने झोलुङ्गे पुल सम्म सडक मर्मत रु. १३,००,०००। आयोजना स्वीकृत गर्ने । | श्रम रोजगार बैङ्क कार्यक्रम |
| ९. | शहरी सडक स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम यस गाउँपालिका अन्तर्गत शहरी सडक | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन |

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको संक्षिप्त व्यहोरा</th><th>कार्यान्वयन गर्ने शाखा</th></tr>
<tr><td></td><td>स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने सडकहरुको सूची देहाय बमोजिम सिफारिस गर्ने । साथै कार्यविधिको दफा ६१ ख बमोजिम आयोजना प्राविधिक समितिको सदस्यको लागि यस गाउँपालिकाबाट ईन्जिनियर बजरंग पजियारलाई सिफारिस गर्ने ।<br><br><u>तपशिल:</u>
<table>
<tr><th>क्र. सं.</th><th>आयोजनाको नाम</th><th>स्थान</th><th>अनुमानित लागत</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>बेस्तडा बजार भित्री सडक स्तरोन्नती</td><td>वडा नं १ र २</td><td>५० लाख</td><td></td></tr>
<tr><td>२.</td><td>हुलाकटाकुरा-कुम्री-खौले सडक स्तरोन्नती</td><td>वडा नं. १</td><td>१ करोड</td><td></td></tr>
<tr><td>३.</td><td>ध्याप घुम्ने तुर्सु पोखरा स्तरोन्नती</td><td>वडा नं. ४</td><td>१ करोड</td><td></td></tr>
</table></td><td>शाखा</td></tr>
<tr><td>१०.</td><td>मिति २०८३ भदौ १० गते रसुवामा आएको भोटेकोशी बाढीबाट प्रभावित क्षेत्र तथा नागरिकको सहयोगको लागि नेपाल सरकार प्रधानमन्त्री दैवी उद्धा कोषमा गाउँ कार्यपालिका पदाधिकारी र यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको दुई दिन बराबरको आधारभूत सुविधा वा तलबबाट कट्टी गरी जम्मा गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।</td><td>प्रशासन, योजना तथा अनुगमन शाखा</td></tr>
<tr><td>११.</td><td>भगवतीमाई गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०८३ माथि दफावार छलफल गरि सर्वसम्मत स्वीकृत गरियो ।</td><td>आर्थिक प्रशासन शाखा</td></tr>
<tr><td>१२.</td><td>भगवतीमाई गाउँपालिका प्रशासन योजना तथा अनुगमन शाखा र भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८३ माथि दफावार छलफल गरि सर्वसम्मत स्वीकृत गरियो ।</td><td>प्रशासन योजना तथा अनुगमन शाखा र भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा</td></tr>
<tr><td>१३.</td><td>यस गाउँपालिकाको आ.व. २०८३।०८४ वार्षिक खरिद योजना २०८३।०८४ अनुमोदन गर्ने ।</td><td>विषयगत शाखा</td></tr>
<tr><td>१४.</td><td>यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको परिसर</td><td>भौतिक पूर्वाधार तथा</td></tr>
</table>

जम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सम्पर्क नं.
अध्यक्ष ज्यू- ९८५८०८५०२५
प्र.प्र.अ.- ९८५८०२०८११
सूचना अधिकारी-९८५८०२०७११
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ दैलेख कर्णाली प्रदेश, नेपाल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन गर्ने शाखा |
|---|---|---|
| | घेरवार कार्यक्रम अन्तर्गत मुल प्रवेशद्वार गेट निर्माण कार्यमा उत्पन्न विवाद समाधानको लागि गाउँपालिकाको उत्तर पश्चिम रहेको यस वडा नं २ निवासी श्री जय बहादुर शाहीले दान गरेको कित्ता नं. १०८८ क्षेत्रफल २२६ को जग्गा बाटो प्रयोजनको लागि छोड्ने र गेट मुल प्रवेशद्वार यस वडा नं. २ निवासी श्री जय बहादुर विकको घर तथा जग्गा तर्फ फर्किने गरी निर्माण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने । | वातावरण व्यवस्थापन शाखा |
| १५. | यस भगवतीमाई गाउँपालिका र सोसेक नेपाल दैलेखको साझेदारीमा सञ्चालित स्कुल एट होम कार्यक्रमको लागि देहायको वडा कार्यालयहरुले आवश्यकता अनुसार रकम साझेदारी गर्ने र सो रकम आगामी गाउँसभा अधिवेशनबाट सुनिश्चितता गर्ने ।<br>तपशिल:<br>१. २ नं. वडा कार्यालय, रुम<br>२. ५ नं. वडा कार्यालय, कट्टी<br>३. ६ नं. वडा कार्यालय, कट्टी | सामाजिक तथा आर्थिक विकास शाखा |
| १६ | यस भगवतीमाई गाउँपालिका अन्तर्गत थप सेवा विस्तार अन्तर्गत भूमि प्रशासन शाखा र करदाता सेवा शाखामा खटिई अतिरिक्त जिम्मेवारी सम्पादन गर्न कर्मचारीहरु क्रमशः शाखा प्रमुखलाई मासिक रु. ३,०००। र कर्मचारीलाई मासिक रु. २,०००। थप प्रोत्साहन उपलब्ध गराउने । | प्रशासन, योजना तथा अनुगमन शाखा |

**बोधार्थ:**
श्री विषयत शाखाः तोकिए बमोजिम निर्णय कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु ।

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner